# बाँफिकोट गाउँपालिका रुकुम पश्चिम

## कर्णाली प्रदेश,नेपाल

# आ.ब २०७९-०८० को नीति तथा कार्यक्रम

**जनक कुमार बाँठा मगर**
**अध्यक्ष**
**बाँफिकोट गाउँपालिका रुकुम पश्चिम**
**कर्णाली प्रदेश, नेपाल**

गाउँसभामा उपस्थित जिल्ला समन्वय समितिका उपप्रमुख ज्यू, गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यू हरु, सभाका सचिब ज्यू, उपस्थित अतिथिजन, सबै कर्मचारी, संचारकर्मी तथा पेशाकर्मी, अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथीहरु, आर्थिक वर्ष २०७९।०८० का लागि बाँफिकोट गाउँपालिकाको नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्षको हैसियतमा यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । सबै भन्दा पहिले यस मिति २०७९।०१।३० गते सम्पन्न स्थानीय तहको निर्वाचन२०७९ बाट यस गाउँसभाका पदाधिकारीलाइ निर्वाचन गर्ने सम्पूर्ण बाँफिकोट गाउँपालिकाबासी दाजभाइ, दिदी वहिनी तथा देश विदेशमा रहनु भएका सवै शुभेच्छुक बाँफिकोट बासी नागरिकहरुप्रति हृदयदेखि न्यानो सम्झना सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

विभिन्न कालखण्ड हुँदै लोकतान्त्रिक गणतन्त्र सम्म नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइते तथा अपाङ्गता भएका एवम् वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु।राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार ब्यक्त गर्दछु । लोकतन्त्रका आधारभुत मुल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकार्य, सह अस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै बाँफिकोट गाउँपालिका विधिको शासनप्रति पूर्ण रुपमा प्रतिवद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवनपद्धतिको रुपमा स्थापित गर्ने कुरामा हामी हरपल प्रयत्नशिल छौं ।शासकीय ब्यवस्थामा आएको परिवर्तनको अनुभुति सम्पूर्ण बाँफिकोट गाउँपालिकावासीले अनुभुति गर्ने किसिमका नीति तथा कार्यक्रम कार्यान्वयन गरिएको छ ।

आगाामी आर्थिक बर्षको बजेट तर्जमुा गर्दा मैले नेपालको संविधान, नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धी संझौताहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विनियोजन विधेयक २०७९, को सिद्धान्त, प्राथमिकता, नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपालको पन्ध्रौ योजनाका लक्ष्य तथा उद्देश्यहरु, बाँफिकोट गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, गाउँपालिकाले आयोजना गरेको राय सुझाव संकलन कार्यक्रमबाट आएका बौद्धिक वर्गका सुझाब र गाउँसभाका आदरणीय सदस्यहरुले दिनुभएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु।

विभिन्न राजनीतिक दल, संघ संस्था, विद्वतवर्ग र गाउँपालिकाभित्र र बाहिर रहनु भएका दिदी—बहिनी, दाजु—भाइहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत ध्यान दिएको छु । आदरणीय दाजुभाई तथा दिदीवहिनीहरु, यस बाँफिकोट गाँउपालिकामा युवा बेरोजगार विदेश पलायन दर उच्च स्थानमा रहेको

छ, यद्यपि यस प्रकारको वेरोजगारी समस्याका वीच पनि विकासका प्रमुख सम्भावना, अवसर हामीसंग छन् । प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, ऐतिहाँसिक दृष्टिकोणले गौरव गर्न लायक बाँफिकोट गाउँपालिकाको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गति, लगानी अनुरुपको प्रतिफल तथा प्रभावकारिता वारेमा अझै प्राप्त गर्ने हामि सवैको प्रयास जारी नै छ । बाँफिकोट गाउँपालिकालाई कृषि, पर्यटन र पूर्वाधारको माध्यमबाट समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सक्ने प्रशस्त सम्भावना रहको छ ।

उपस्थित गाउँसभासदस्य तथा उपस्थित महानुभाव ज्यू, जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार नीति तथा कानुनको निर्माण त्यसको कार्यान्वयन र योजना छनौट देखि कार्यान्वयन र मुल्यांकन त्यसको दीगोपनको समेतलाई मध्यनजर गरेर योजना छनौट तथा कार्यान्वयनमा गाउँपालिका सधैं तत्पर र जवाफदेहि रहेको छ । विश्व नै कोरना भाईरसको संक्रमणवाट जर्जर भै जनताको स्वास्थ्य अवस्था र अर्थव्यवस्थामा नै कमजोर भएको अवस्थामा हाम्रो गाउँपालिकामा समेत यसको प्रभाव परेको छ । बर्तमान नेपालको अर्थतन्त्रमा कोरोना भाईरस तथा अन्य आर्थिक सामाजिक भौतिक कारण तथा दिनहू हुने व्यापार घाटाले देशको अर्थतन्त्र थिलो थिलो छ ।यद्यपी उपलब्ध साधनको उच्चतम प्रयोग गर्दै गाउँपालिका समृद्ध बनाउन सम्पुर्ण जनप्रतिनिधहरु, कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु र स्थानीय शिक्षक वुद्धिजिविहरुको विभिन्न राजनीतिक दल युवा समाजसेवी तथा सम्पूर्ण जनताले बर्तमान अहिलेको अर्थ व्यवस्थाको चुनौती लाई सामना गर्दै " **सुशासन र सदाचार : भस्ट्राचारलाइ बहिष्कार** " भन्ने मुल मन्त्र लाई आत्मसाथ गरी सम्वन्धित भौतिक पुर्वाधार रोजगारमुलका ,स्वास्थ्य क्षेत्रमा लगानीको विस्तार र विपद व्यवस्थापन र पुर्नस्थापना र रोजगार मुलक कार्य र **असल शासन सबैको अपनत्वको शासन विभेद र प्रतिशोधको अन्त्य भएको शासन** को आभास हुने गरि नै आगामी वर्षको वजेट केन्द्रित हुनेछ । यस परिस्थितिमा गाउँपालिकाको आगामी वर्षको वजेट नीति तथा कार्यक्रम सामान्य भन्दा फरक हुनेछ । गाउँपालिका वासिलाई समृद्ध र सुखी गराउनु, नागरीकहरुको स्वास्थ्य,रोजगार सुधार गरी सहज जीवन यापन गर्न पाउनु पर्ने अधिकारको सुनिश्चित गर्दे गाउँपालिका वासिको अमुल्य मतदानवाट प्राप्त जिम्मेवारी प्रति म सधै सचेत छु । **"स्वास्थ्य शिक्षा तथा कृषि पर्यटन र पूर्वाधार, बाँफिकोट गाउँपालिकाको समृद्धिको आधार "** भन्ने मुल अभियानका साथ देहाय वमोजीमका नीतिहरु यस गरिमामय गाउँसभा समक्ष पेश गर्न गईरहको छु ।

**नीति तथा कार्यक्रमहरु**

१.नेपालको संविधान र विद्यमान कानुन अनुरुप स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरु तथा नेपाल सरकारको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम र वजेटका प्राथमिकताहरुलाई समेत आधारको रुपमा लिईएको छ ।

२.शिक्षा, शैक्षिक प्रणालीमा व्यवहारिक तालिम सचेतना कार्यक्रम, सुचना तथा तथ्यांक संकलन, संप्रेषण जस्ता कार्यहरुका लागि विद्यमान अवस्था विश्लेषणका आधारमा आवश्यकता पहिचान गरी आ व २०७९।०८० को नीति कार्यक्रम र वजेटको प्राथामिकता दिईनेछ ।

३.वजेट विनियोजन गर्दा वहुवर्षिय आयोजना तथा चालु आर्थिक वर्षका अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथामिकता दिईनेछ । साथै वार्षिक कार्यक्रम तय गर्दा स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजनाको छनोट गरिनेछ ।

**कोभिड १९ वाट सिंर्जित मनोवैज्ञानिक संकट व्यवस्थापन तथा गरिवी निवारण सम्वन्धि नीति तथा कार्यक्रमहरु :**

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलव्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौट गर्ने ।
- आर्थिक रुपलेविपन्न गर्भवती, ज्येष्ठ नागरीक एवं अपांगता भएका व्यक्तिहरुलाई राहातका कार्यक्रमहरु संचालन गर्ने गरी वजेटको व्यवस्था गर्ने ।
- यस बाँफिकोट गाँउपालिकामा रहेका गरिव विपन्न बर्गका बिरामी व्यक्तिहरुको लागि गाडीहरुको चौविसै घण्टा संचालन हुनेगरी तयारी हालतमा राख्नको लागि आवश्यक वजेटको व्यवस्था गर्ने ।
- कोभिड १९ कारण विद्यार्थि, गर्भवती महिला, ज्येष्ठ नागरीक, अपांगता भएको व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति, तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलव्ध गराउने कार्यक्रम संचालनको लागि आवश्यक वजेटको व्यवस्था गर्ने । आगामी ५ वर्ष भित्र सम्मृद्ध र नमुना गाउँपालिका बनाउने दृष्टिकोण यस गाउँपालिकाको रहको छ भने आन्तरिक आम्दानीलाई सवल वनाउदै प्राप्त श्रोत र साधनको अधिकतम सदुपयोगका माध्यमबाट गाउँपालिकाको समग्र पक्षको विकास गर्ने अभियान हामीले चलाएका छौं ।
- यस गाउँपालिकामा शान्ति, विकास, समृद्धि र सुशासन कायम गरी नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन "**स्वास्थ्य, शिक्षा तथा कृषि पर्यटन र पूर्वाधार, बाँफिकोट गाउँपालिकाको समृद्धिको आधार** " भन्ने नारालाई आत्मसात गरी अघि बढिरहेका छौं ।

गाउँसभाका सदस्यज्यूहरु, गाउँगाउँमा स्थानीय सरकार आएपश्चात जनताहरुमा विकासका अपेक्षा धेरै छन । तर सबै विकास तथा अपेक्षा एकै पटक पुरा गर्न असम्भव हुन्छ । यसर्थ आवश्यकताका प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सीमितताका वीचबाट विकासको बाटो पहिल्याउने मुल उद्देश्यले हामिले नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेका छौं । विगतका वर्षमा पहिलेको सरकारले गरेका राम्रा कामहरुको अनुसरण गर्दै यस पटक पनि देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरिएको छ ।

- नेपालको संविधानमा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारहरुको सुचि,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- स्थानीय सरकार सञ्चालन ऐनको मर्म तथा उद्देश्य,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको र पहिलेको सरकारले अंगिकार गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- संघीय सरकारका क्षेत्रगत नीति, रणनीति योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु (दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, पोषण सुरक्षा,लैंगिक सशक्तिकरण, पुर्ण सरसफाइर, पुर्ण खोप, फोहोर मैला व्यवस्थापन जस्ता विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचनामा अनुरुप प्राथमिकतामा परेका विषयहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,
- गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिले अवलम्वन गरको नीतिहरु
- जिल्ला समन्वय समिति रुकुम पश्चिमबाट प्राप्त निर्देशन तथा जिल्ला सभाका निर्णयहरु

गाउँसभाका सदस्यज्यूहरु , अव म यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७९।०८० को आय ब्ययको संक्षिप्त अनुमान पेश गर्न चाहन्छु ।

| सि न | आम्दानीको विवरण | रकम रु |
|---|---|---|
| १ | संघीय शशर्त चालु अनुदान | 190,900,000.00 |

| | | |
|---|---|---|
| २ | संघीय शशर्त पुजीगत अनुदान | 36,300,000.00 |
| ३ | संघीय समानीकरण न्युनतम ३०० सुत्रमा आधारित ५७३ कार्यसम्पादनमा आधारित ५५ | 92,800,000.00 |
| ४ | संघीय राजस्वा बाँडफाँड | 89,475,000.00 |
| ५ | संघीय विशेष अनुदान | 8,000,000.00 |
| ६ | संघीय समपुरक अनुदान | 9,000,000.00 |
| ७ | प्रदेश समानीकरण 1375 न्युनतम सुत्रमा आधारित ७३९८ गरी | 8,773,000.00 |
| ८ | प्रदेश समपुरक अनुदान | 9,806,000.00 |
| ९ | प्रदेश राजस्व बाँडफाँड | 565,853.00 |
| १० | प्रदेश विशेष अनुदान | 6,000,000.00 |
| ११ | प्रदेश शशर्त अनुदान | 19,560,000.00 |
| १२ | आन्तरिक आम्दानी | 3,600,000.00 |
| | | 474,779,853.00 |
| | पुजीगत खर्च | 143,846,000.00 |
| | चालु खर्च | 330,933,853.00 |

गाउँसभाका सदस्यज्यूहरु , अव म यस गरिमामय गाउँसभामा क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**बाँफिकोट गाउँपालिकाका क्षेत्रगत नीति तथा कार्यक्रमहरुः**

**<u>शिक्षाः</u>**

१. सबै आधारभुत सामुदायिक विद्यालयहरुमा मन्टेश्वरी कक्षा र आधारभुत तहका कक्षाहरुमा अंग्रेजी माध्यममा निशुल्क पठन पाठन शुरुवात गरिनेछ ।
२. सबै विद्यालयहरुमा अग्रेजी, गणित, विज्ञान र नेपाली विषयको पठन पाठनको लागि विषयगत शिक्षकको व्यवस्था गरि राम्रो अंक ल्याउन जोड दिइनेछ ।

३. प्राविधिक विषयको स्नातक तहको पठनपाठन शूरुवात  गर्न आवश्यक पूर्वाधार तयार गर्ने ।
४. शिक्षाबाट बञ्चित हुन नदिन विशेष कार्यक्रम संचालन गरिनेछ ।
५. शिक्षकहरुलाई सम्बन्धित विषय पठनपाठन समन्धि तालिम प्रदान गरिनेछ ।
६. विद्यालयहरुको भवन, साइन्स ल्याब, कम्प्युटर ल्याव, पुस्तकालय, खेलकुद मैदान, तारबार, शौचालय र खानेपानी निर्माणमा जोड दिइनेछ ।
७. बालमैत्री स्थानीय शासनमा जोड दिइनेछ ।बालविवाह न्यनीकरण गर्ने नीति तथा कार्यक्रम लिइनेछ ।
८. विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलपमा जोड दिइनेछ ।
९. सामुदायिक विद्यालयहरुको स्तरोन्नति गरी गुणस्तरिय शिक्षा प्रदान गरिनेछ ।
१०. गाउँपालिकालाइ उच्च शिक्षाको लागि हब गराइनेछ।
११. सबै विद्यालय शिक्षालाई सूचना प्रविधि मैत्री बनाइनेछ ।
१२. एक विद्यालय एक प्राविधिक शिक्षामा जोड दिइनेछ ।
१३. सबै पालिका बासीलाइ वित्तीय शिक्षा प्रदान गरिनेछ ।
१४. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय खाद्य वस्तु उत्पादनलाई प्रोत्साहन गरी बाँफिकोटमै उत्पादित चना,भटमास र केराउ तथा खाद्यान्न तरकारी दुग्धजन्य पदार्थको प्रयोग गरी विद्यालय बाटै स्वस्थ आर्गानिक खाजाको व्यवस्था गरिनेछ ।
१५. सामुदायिक विद्यालयको कक्षा ११ र १२ को परिक्षा शुल्क पुनरावलोकन गरिनेछ ।
१६. कक्षा १ देखि ५ सम्म परिक्षा प्रर्णाली र पास अङ्कलाई स्थानीयकरण गरिनेछ ।
१७. गाउँपालिकामा रहेका अति गरिव, आमा बुवा बिहिन र गरिव विपन्न बालबालिकालाई विद्यालयमा छात्र वृत्ति उपलव्ध गराइनेछ ।
१८. प्रत्येक वर्ष एस इ इ परीक्षामा गाउँपालिकाबाट उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार दलित जनजाति तथा अन्य जातिको समुदायका एक एक जना छात्र, छात्रा लाई ५-५ हजार प्रोत्साहन दिइनेछ ।
१९. पढदै कमाउदै कार्यक्रम अन्तर्गत बाँफिकोट गाउँपालिकामा रहेका विद्यालयहरु श्री जनकल्याण मावि पीपल र श्री नेरामावि दुलीपोखरामा कार्यक्रम लागु गर्ने नीति लिइनेछ ।

**स्वास्थ्यः**

१. गाउँपालिका स्तरमा उच्चस्तरको प्रयोगसाला निर्माण गरि टेलिमेडिसियनको माध्यमबाट स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

२. प्रत्येक वडामा प्रविधि र जनशक्ति सहितको बर्थिङ सेन्टर संचालन गर्ने नीति लिइनेछ ।

३. प्रत्येक वडाका स्वास्थ्य ईकाई कार्यालयहरुलाइ आधारभुत स्वास्थ्य इकाइहरुमा रुपान्तरण गरिनेछ ।

४. सवै स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, औषधि, उपकरण, र भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ ।

५. नियमित खोप र समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

६. आकस्मिक दुर्घटनामा परेका नागरिकहरुलाइ प्राथमिक स्वास्थ्य उपचार केन्द्र सम्म निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

७. सबै वडाहरुमा रहेका जेष्ठ नागरिकहरुलाई घरघरमा गई स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८. दीर्घ र असाध्य रोगीहरुलाई औषधि उपचार सहयोग तथा राहत उपलव्ध गराइनेछ ।

९. सबै वडाहरुलाइ पुर्ण सरसफाइ युक्त वडा घोषणा गरिनेछ ।

१०. गर्भवती महिलाहरुलाई नियमित स्वास्थ्य परीक्षण र बर्थिङ सेन्टरमै सुत्केरी हुने व्यवस्था मिलाइनेछ ।

११. विद्यालय शिक्षा मार्फत योग विषयको अध्यन र ध्यान केन्द्र संचालन गरिनेछ ।

१२. गाउँपालिकामा आयुर्वेद उपचार केन्द्र र जडिबुटी प्रवद्धर्नको योजना संचालन गरिनेछ ।

१३. क्यान्सर, मृगौलो रोगी, मुटुरोगी र स्पाइनल इन्जुरी रोगबाट पीडित नागरिकलाई पहिचान गरी राहातको व्यवस्था गरिनेछ ।

१४. विद्यालय स्वास्थ्य कार्यक्रमको सुरुवात गरिनेछ ।

१५. पालिकास्तरको अस्पतालमा एम वि वि एस डाक्टरको व्यवस्था गरी उपचार प्रणालीको सूरुवात गरिनेछ ।

**<u>कृषि, पशुपालन र सिंचाईः</u>**

१. विगत द्वन्दकालमा स्थानीय स्तरमा घर जग्गा कारोवार भइ हकभोग भै रहेको र नामासारी हुन नसकेका जग्गाको हकमा मेलमिलाप मार्फत नामसारी गर्न सहजीकरण गरिनेछ ।
२. सवै वडामा माटो र हावापानी अनुसार व्यवसायिक अन्न, फलफुल र तरकारी तथा मसला बालीको सामुहिक रुपमा खेती प्रणालीको सुरुवात गर्न आवश्यक सिंचाई, मल, बिउ, औषधि र खेतमै प्राविधिक जनशक्ति नियमित परिचालन गरिनेछ ।
३. कृषकहरुको रुचि र अवस्था अनुसार भैसी, गाई, बाख्रा, बंगुर, कुखुरा, हाँस लगाएतका पशुपंछी पालना सम्वन्धि तालिम प्रदान गरी सहुलियतपुर्ण ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ ।
४. जग्गा बाँझो राख्न नदिन जग्गाधनी, गाउपालिका र जग्गा खेति गर्न चाहने व्यक्तिको बीचमा लीज समझौता गरिनेछ । जग्गामा व्यवसायिक खेती गर्न प्रेरित गरि अनुदान रकम उपलव्ध गराइनेछ ।
५. सहकारी मार्फत दुग्ध बजारको प्रवर्द्धन गरी किसान र उपभोक्तालाई उपयुक्त मुल्यमा किनबेच गर्ने व्यवस्था मिलाइनेछ ।
६. बैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिलाई कृषिमा आधारित उद्योग स्थापना गर्न उपयुक्त वातावरण तयार गरि आवश्यक पुर्वाधार बनाउन पहल गरिनेछ ।
७. सबै कृषकहरुलाई परिचय पत्रको व्यवस्था र सबै प्रकारका कृषि बाली र पशुपन्छीहरुको लागि बाली बिमा र पशु बिमा गराइनेछ ।
८. कृषि उत्पादनहरु गाउँपालिका बाहिर निकासी गर्न आवश्यक सहजीकरण गरिनेछ ।
९. बेरोजगार युवाहरुलाई कृषि उद्योग खोल्न सहजीकरण गरिनेछ ।
१०. पालिकामा एउटा सुविधा सम्पन्न तरकारी तथा फलफुल कोल्डस्टोरको निर्माण गरिनेछ ।
११. खाली रहेका डाँडापाखाहरु मध्ये उपयुक्त क्षेत्रमा चिउरीको बिरुवा रोपण गरी मौरीपालन व्यवसायको रुपमा विकास गरिनेछ ।
१२. उच्च पहाडि क्षेत्रमा आलु खेतिको प्रबद्धर्न गरिनेछ ।
१३. अदुवा, बेसार, र मकै बीउको व्यवसायिक उत्पादनको माध्यमबाट कृषकको आय आर्जनमा वृद्धि गरिनेछ ।
१४. पर्यटकलाई आकर्षण गर्न केरा, सुन्तला, फलफुल, भैसी पालनबाट खुवा, कुराउनी, घ्यू तथा माछा प्रबद्धर्नमा जोड दिइनेछ ।

१५. कृषि समुहलाई सहकारीमा परिणत गरि सामुहिक खेती गर्न अभिप्रेरित गरिनेछ ।

१६. गाउँपालिकालाई खाद्यान्न, तरकारी, दुध, मासु, अण्डा उत्पादनमा आत्मनिर्भर बनाइनेछ ।

१७. कृषिमा आधारित उद्योग स्थापनामा जोड दिइनेछ।

१८. घाँसपातको लागि भिरालो ठाउमा गएर काट्ने गर्दा ज्यान नै जोखिममा परेको अवस्थालाई मध्येनजर गर्दै घाँस प्रवद्धन र डाले घाँस रोपणमा जोड दिइनेछ ।

१९. गाउँपालिकामा संचालित कुलोहरुको नियमित मर्मत सम्भार गर्ने र सिचाई नपुगेको खेतहरुमा नयाँ कुलो निर्माण तथा सन्चालन गर्ने ।

२०. सम्भव हुने स्थानमा सिचाई पोखरी निर्माणमा जोड दिइनेछ ।

२१. आधुनिक कृषि औजारहरुको प्रयोगमा जोड दिइनेछ ।कृषिमा यान्त्रीकिकरण, आधुनिकिकरण, व्यवसायिकरण, र रोजगार मैत्री खेतीपातीमा जोड दिदै कृषकलाई कृषि बिमामा समेटिनेछ ।

२२. बाँफिकोट गाउँपालिकामा रहेका उत्कृष्ट भैसी, बाख्रापालक कृषक तथा फर्मलाइ पुरस्कृत गर्ने , नयाँलाई तालिम तथा प्रोत्साहित गर्ने नीति लिइनेछ ।

२३. एक घर एक जेष्ठ किसान प्रोत्साहन भत्तालाइ निरन्तरता दिइनेछ ।

२४. भोकमरीबाट सुरक्षा प्रदान गर्न सहकारीहरुको सहभागितामा खाद्यभण्डार स्थापना गर्नको लागि समपुरक लागत दिने नीति लिइनेछ ।

**<u>खानेपानी, सड्क, विद्युत र संचार तथा भौतिक पूर्वाधारः</u>**

१. वढ्दो जनसंख्या तथा जलवायु परिवर्तन अनुकुलता कायम रहने गरी स्थानीय स्तरका खानेपानीको मुहान संरक्षणमा विशेष जोड दिइनेछ ।

२. एक घर एक धारा कार्यक्रम लागु गरी बाँफिकोटवासी सवै नागरिकलाइ स्वच्छ र सफा खानेपानी उपलव्ध गराउन विशेष कार्यक्रम संचालन गर्ने र यस अघि निर्माण भएका खानेपानी योजनाको नियमित मर्मत सुधार गरिनेछ ।

३. बेरोजगार युवाहरुलाई खानेपानीको संरक्षण निर्माण र प्लम्बिङ सम्बन्धि तालिम प्रदान गरि योजना निर्माण र संचालनमा लगाइनेछ ।

४. स्थानीय वस्तीबाट तल्लो क्षेत्रमा खानेपानीको मुहान भइ खानेपानीको समस्या भएका वस्तीहरुमा लिफ्ट तथा सोलार सिस्टमबाट खानेपानी पुऱ्याउने नीति लिइनेछ ।

५. सबै वडालाई पुर्ण सरसफाईका सुचकहरु पुरा गराई पालिकालाई नै पुर्ण सरसफाई युक्त पालिका घोषणा गर्ने ।

६. बजार क्षेत्रमा उत्पादन हुने फोहोरजन्य वस्तुहरुको न्युनिकरण गरि उचित व्यवस्थापन गर्ने ।

७. विद्यालयहरुलाइ वातावरण शिक्षाका माध्यमबाट आफ्ना कार्यक्षेत्रमा बातावरण सुधार कार्यक्रम संचालन र नियमित अनुगमन गर्न परिचालन गरिनेछ ।

८. बजार क्षेत्रहरुमा सहरी सुविधा युक्त शौचालयहरु निर्माण गरिनेछ ।

९. सबै कच्ची सड्कहरुलाई ग्राभेल गरी बाह्रै महिनामा गाडी सन्चालन गर्न सक्ने बनाइनेछ ।

१०. बाँफिकोट गाउँपालिकामा रहेका सबै सड्कको तलमाथि ३-३ लेयर बाँस लगायत अन्य रुखहरु रोपण कार्यलाई जोड दिइनेछ ।

११. सार्वजनिक गाडी रोकिने पार्क तथा वस स्टेशनहरुमा बिश्रामस्थल निर्माण गरिनेछ ।

१२. बजार क्षेत्रमा बृक्षरोपण तथा फोहरमैला ब्यवस्थापन गरी सुन्दर र आकर्षक बनाइनेछ ।

१३. पुराना वर पीपल चौतारीहरुको संरक्षण र नयाँ ठाउँमा वर पिपल रोपिनेछ ।

१४. आवश्यकता अनुसार झोलुङ्गे पुलको निर्माण र पुरानोलाई मर्मतसम्भार गरिनेछ ।बाँफिकोट गाउँपालिका वडा नं ३ डार्ने र वडा नं ४ र ९ जोड्ने तार्सिबाङमा यसै आर्थिक वर्षमा झोलुङ्गे पुल निर्माण गरी सन्चालनमा ल्याइने छ ।

१५. सबै घरमा बिजुली बत्ती पुऱ्याइ लोड सेडिङको अन्त्य गर्ने ।स्वस्थ , बैकल्पिक तथा नविकरणीय उर्जाको प्रयोग अभिवृद्धि गरिनेछ ।

१६. सबै क्षेत्रमा मोबाइलको सुविधा पुऱ्याउन र ४G-५G सेवा पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

१७. युवा युवतिहरुलाई इलेक्ट्रोनिक उपकरण एवम् मोवाइल मर्मत तालिम प्रदान गरिनेछ ।

१८. सबै कार्यालय र विद्यालयहरुमा सुचना प्रविधिमा आधारित डिजिटल सेवा प्रदान गर्ने । सबै कार्यालय र विद्यालयमा डिजिटल हाजिरी, सिसिटिभि, वेवसाइट, ग्रुप एस एम एस, इमेल, अनलाइन प्रविधि र नयाँ सफ्टवयरको प्रयोगबाट छिटो छरितो तथा प्रभावकारी सेवा प्रदान गरिनेछ ।

१९. स्थानीय स्तरमा उत्पादित विद्युतको मर्मत सम्भार र प्रयोगमा जोड दिइनेछ ।

२०. मानवीय श्रमबाट सम्पादन गर्न सकिने सार्वजनिक कार्यमा डोजर संचालन नगर्ने र वातावरणीय जोखिमलाई मध्य नजर गरेर मात्र डोजर संचालन गर्ने नीति लिइनेछ । यसको कडाईका साथ अनुगमन तथा ब्यवस्थापन गरिनेछ ।

२१. सबै योजनाको संम्झौता उपभोक्ताहरुको रोहवरमा गर्ने र सार्वजनिक लेखा परिक्षण योजना सन्चालन स्थलमा नै सक्कल विल भर्पाईको आधारमा आम लाभग्राही, सरोकारवाला समुदाय तथा जनप्रतिनिधि र कार्यालयको उपस्थितिमा गरिनेछ ।

२२. बाँफिकोट गाउँपालिका क्षेत्रलाइ पलाष्टिक मुक्त क्षेत्र घोषणा गरिनेछ ।

२३. बाँफिकोट गाउँपालिकाको १० वटै वडालाई प्रतिनिधित्व गर्ने गरि रिङ रोडको निर्माण तथा स्तरोन्नती गर्ने नीति लिइनेछ ।

२४. बाँफिकोट गाउँपालिका कार्यालय स्थानलाइ मध्यनजर गरी यातायात सन्चालनको लागि सेन्टर स्टेसन बनाउने एवम् बाँफिकोटसंग जोडिने सडकहरु क) लागिम, पीपल, स्यार्पु, बाँफिकोट सडक, ख) नदुवा मग्मा बाँफिकोट सडक, ग) सेराखेत बडगाईखोला बाँफिकोट सडक घ ) फेरा गाराघाट छिनखेत पिपल रेवतखोला सडक, ङ ) दहनेटा दुली मग्मा दामाचौर बाँफिकोट सडक च) बाँइपोले भम्पु सडक खण्डहरुलाई स्तरोन्नति गरी पक्की बनाउने नीति लिइनेछ ।

२५. बाँफिकोट गाउँपालिकामा खरको छानो भएका विपन्न २४२ घरधुरीलाइ प्रतिघरधुरी ५० हजार लागत गाउँपालिकाबाट ब्यहोर्ने र उपयुक्त, सुरक्षित आवास निर्माण गर्ने निर्णय गरिनेछ ।

२६. बाँफिकोट गाउँपालिका २ कुनाखेतमा गाउँपालिका स्तरीय रंगशाला निर्माण गरी यसै वर्ष सन्चालनमा ल्याइने छ। बाँफिकोट गाउँपालिका १० ठूला खर्कमा रंगशाला निर्माणकोलागि डि पी आर गरिनेछ ।

२७. बाँफिकोट गाउँपालिका कार्यालय भवन तथा छिनखेत स्थित अस्पतालको जग्गा प्राप्त गर्नकोलागि आवश्यक पहल गरिनेछ ।

२८. अघिल्लो गाउँसभा र कार्यपालिकाले लिइएका उचित कार्यक्रम र निर्णयको जिम्मेवारी लिइ निरन्तरता दिइनेछ ।

२९. सन्चार माध्यमहरुलाइ प्रोत्साहन गर्दै यस गाउँपालिकाबाट सन्चालित कार्यक्रमहरुको कार्यप्रगति विवरण सन्चार माध्यमहरुद्वारा सवै नागरिकलाइ सूचना प्रवाह गरिनेछ ।

**पर्यटन र संस्कृति, साहित्यः**

१. गाउँपालिकाका प्रमुख पर्यटकीय पुर्वाधारहरुको पहिचान गरि निर्माण सुधार गर्ने ।बाँफिकोट गाउँपालिका क्षेत्र भित्रका तार्सुकाँड पर्यटकीय स्थल स्यार्पु तालको सौन्दर्य जोगाउन रेलिङ सहितको पैदल मार्गको लागि पहल गर्ने र नदीजन्य गेग्रानलाइ व्यवस्थापन गरिनेछ ।

२. स्यार्पुतालमा पर्यटकीय गतिविधि सन्चालन गर्न तथा व्यावसायिक माछा पालन, विक्री वितरण र पर्यटकीय पुर्वाधारको उपयोग गर्नकालागि गाउँपालिकाको स्वामित्वमा लिइ सन्चालन गर्ने नीति लिइनेछ ।

३. पर्यटकहरुको सुविधाको लागि होटेल, होमस्टे, जलयात्रा, पदमार्ग सुधार, पथ प्रदर्शक तालिम, पर्यटन मेला आदि कार्यमा गाउँ पालिकाले आवश्यक सहयोग तथा उत्प्रेरणा प्रदान गर्ने नीति लिइनेछ ।

४. पालिका भित्रका सबै पर्यटकीय क्षेत्रको बिकास बिस्तार गरिनेछ ।

५. ग्रामीण पर्या पर्यटन र कृषि पर्यटनको माध्यमबाट बाँफिकोट गाउँपालिकालाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

६. गाउँपालिका बाहिर स्वदेश र बिदेशमा रहनु भएका सम्पुर्ण मानुभाबहरुको सहभागितामा पालिकाका पर्यटकीय विकाशका लागि सम्मेलनको आयोजना गरिनेछ ।

७. पालिका भित्र नाचिने नाच र गाईन गीत संगीत प्रथा परम्पराको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

८. द्वन्दकालमा ज्यान गुमाउनुहुने शहिदको सम्मानकालागि शालिक, पार्क तथा स्मारक स्थापना गर्ने नीति लिइनेछ ।

९. स्थानीय साहित्यकार कवि, कलाकार, मुर्तिकारको कृति प्रकाशन र प्रर्दशनीमा सहयोग गर्ने र स्रष्टा तथा सर्जकहरुलाइ उचित सम्मान गरिनेछ ।

१०. स्थानीय साँस्कृतिक मेलालाई विशेषता सहितका पर्यटकीय मेलामा परिणत गरिनेछ ।

११. स्थानीय परिकार र अर्गानिक वस्तुको प्रबद्धन गरिनेछ ।

१२. साहित्यको विकासको लागि प्रकाशित कृतिको मुल्याङकन गरि पालिकाले बार्षिक पुरस्कार प्रदान गरिनेछ ।

१३. बर्षको एक पटक साहित्य सम्मेलनको आयोजना गरिनेछ ।

१४. प्रत्येक वडामा एकवटा व्यवस्थित बगैचा वा पार्क निर्माणको लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

१५. रुकुम जिल्ला बाँफीकोट गाँउपालिका काँडा स्थित बुद्धमस्तमा भौतिक पुर्वाधार विकास एवं वातावरणीय सुधार कार्य गरिनेछ ।

१६. तार्सुकाँडा, मेलगैरी, स्यार्पु भम्पु झारमारे, डम्माना, कालाभौरा, थुमलेख, दहनेटा, गुप्ती दह, त्रिशुलगारे लगायतका पर्यटकीय स्थलमा पूर्वाधार विकासगर्ने नीति लिइनेछ ।

१७. गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुलाई पूर्वाधारको विकासकालागि पहल गरिनेछ ।

१८. बाँफिकोट गाउँपालिका ६ मा रहेको भम्पु चौरलाई पिक्निक स्थल तथा युद्द स्मारकको रुपमा विकाश गरिनेछ ।

१९. मौलिक साँस्कृति जगेर्ना गर्न मेलगैरी, स्यार्पु र मग्मामा बार्षिक रुपमा सांस्कृतिक नाँच गान तथा प्रदर्शनी एवम् खेलकुद आयोजना गरिनेछ ।

**<u>उद्योग बाणिज्यः</u>**

१. बाँफिकोट गाउँपालिका ४ सेराखेतमा रहेको कर्णाली अल्लो गलैंचा उद्योगलाइ ब्यवस्थित गरिनेछ ।
२. सार्वजनिक नीजि सहकारी मोडेलमा औद्योगिक ग्राम स्थापनामा जोड दिइनेछ ।
३. स्थानीय स्रोत साधन, सीप, कच्चा पदार्थमा आधारित उद्योगहरु जस्तै पहाडी कागज, दाना, कापी, बिउ प्रशोधन, जुस, गार्मेन्ट, फर्निचर, राडिपाखि, चप्पल, जुता, ग्रिल, साबुन, अचार, बाँस चोया, फलामे औजार, ढाँका बुनाई, ह्युमपाइप, ब्लक इट्टा

निर्माण सम्वन्धित तालिम दिइ उद्योग स्थापना , संचालन गर्न आवश्यक सहयोग गरिनेछ ।

४. घरेलु तथा साना उद्योगहरुको सहज रुपमा दर्ता, नवीकरण, नियमन, संचालन तथा व्यवस्थापनमा सहयोग गरिनेछ ।
५. उद्योग स्थापना तथा संचालनको लागि बैंक र सहकारी मार्फत सहुलियत व्याजदरमा ऋणको व्यवस्था गरिनेछ ।
६. वैदेशिक रोजगारबाट फर्किएका र बिदेश जान लागेका व्यक्तिहरुलाइ उद्यमशीलता तालिम दिई उद्योग स्थापनामा सहयोग गरिनेछ ।
७. अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको क्षमता अनुसारको तालिम दिई रोजगार बनाईनेछ ।
८. उद्यमशीलता प्रवर्द्धनको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।
९. दलित समुदायलाई कपडा गार्मेन्ट, जुत्ता चप्पल निर्माण, साबुन निर्माण, नेपाली कागज उद्योग र ग्रील उद्योग जस्ता साना उद्योग स्थापनामा जोड दिने नीति अबलम्बन गरिनेछ ।

**<u>व्यापार तथा वाणिज्यः</u>**

१. व्यापार व्यवसायको दर्ता, नविकरण, अनुगमन र नियमनलाई व्यवस्थित गरिनेछ ।
२. कालो वजारी, एकाधिकार, अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना गर्ने लगायत उपभोक्ता हित विपरितका कार्य हुन नदिन नियमित अनुगमन गरिनेछ ।

**<u>सहकारीः</u>**

१. सुपथ मुल्यमा सहकारी पसल संचालन गर्ने नीति लिइनेछ ।
२. सहकारीको दर्ता, नविकरण, खारेजी, अनुगमन, नियमनलाई सरल, सहज, छिटोछरितो र प्रभाबकारी बनाइनेछ ।
३. कृषि, श्रम सहकारीहरु मार्फत उत्पादन, विकास निर्माण लगायतका कामहरु गरिनेछ ।
४. श्रम बैंकको स्थापना गरी गाउँपालिकाबाट सन्चालित योजना तथा निर्माणका कार्यक्रममा युवाहरुलाई पहिलो प्राथमिकता दिइ रोजगारिको सुनिश्चितता गरिनेछ ।

५. सहकारीमा आवद्द ब्यक्तिहरुलाइ लक्षित गरी अवलोकन, अध्ययन भ्रमण तथा तालिम संचालन गरिनेछ ।

६. सहकारी मार्फत उद्योग स्थापनामा जोड दिइनेछ।

७. सहकारीको माध्यमबाट पुजी संकलन गरी उत्पादन कार्यमा लगाउने र रोजगार सिर्जना गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

१. एकल महिला, दलित, अपांग, जनजाती, जेष्ठ नागरिक, गरिब, तथा युवा लक्ष्यित आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. सीप तथा क्षमता विकाश तालिम संचालन केन्द्र, सिटि हल, बालगृह, महिला आपतकालीन पुनस्थापना केन्द्र, वृदाश्राम, कोसेली घर लगाएतको स्थापना,संचालन तथा व्यवस्थापन गर्ने ।

३. अपांग परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र वितरणलाई सहज बनाई परिचय पत्रको आधारमा यातायात, विद्यालय, अस्पताल, रोजगारी, सुपथ मुल्यमा पसल लगायतमा सहुलियत तथा सुविधा पाउने व्यवस्था गरिनेछ ।

४. जातीय, लैंगिक, क्षेत्रीय विभेद, असमानता, उत्पीडन उन्मुलन गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५. न्यायिक समितिको सुदृढिकरणको लागि वडा स्तरमा मेलमिलाप कर्ताको व्यवस्था गर्ने। वडा स्तरमा मेलमिलापकर्ताको क्षमता विकासकालागि तालिम सन्चालन गरिनेछ ।

६. गाउँपालिका स्तरबाट दलित नमुना वस्ती घोषणा गरी एकीकृत बस्ती विकास कार्यक्रम लागु गरिनेछ ।

**रोजगारी सिर्जनाः**

१. कृषि र वनमा आधारित उद्योग, व्यवसाय, उद्यमशीलता प्रवर्द्धन मार्फत युवा बेरोजगार हरुलाई परिचालन गर्ने नीति अवलम्बन गर्ने।स्थानीय सामुदायिक वन उपभोक्ता तथा लाभग्राहीहरुलाइ तालिम प्रदान तथा क्षमता विकास गर्ने नीति लिइनेछ ।

२. गाउँपालिकाका योजनाहरु रोजगार सिर्जना गर्ने खालका छनोट गरिनेछ ।

३. प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रको संचालन गरि स्वरोजगारमुलक कार्यक्रम संचालन गरिनेछ ।

४. रोजगार सेवाकेन्द्र मार्फत बेरोजगारहरुको अभिलेख व्यवस्थित र अद्यावधिक गरिनेछ । पुर्वाधार निर्माण तालिम, भुकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्ने सिपालु मिस्त्रि, सिकर्मी, डकर्मी, खानेपानी, झोलुङ्गे पुल, सड्क पुल, ठुला भवन निर्माण, रंगरोगन, प्लम्बिङ, वायरिङ, सटरिङ आदि विषयमा तालिम दिई स्थानीय जनशक्तिको उत्पादन गर्ने एवम् रोजगार उपलब्ध गराउन प्रयत्नशील रहनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट वास्तविक बेरोजगारले मात्र रोजगार पाउने गरि व्यवस्थित र सहि रुपमा संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

**<u>वन वातावरण तथा विपद् व्यवस्थापनः</u>**

१. सामुदायिक वनहरुको उपभोक्ता समितिहरु मार्फत संरक्षण, संवर्धन गर्ने र कवुलियति वनबाट कम आय भएका व्यक्तिहरुका लागि आयआर्जनका कार्यक्रम संचालन गरिनेछ ।

२. सामुदायिक वनहरुको आय र अनुगमन स्थानीय सरकार ऐन अनुसार व्यवस्थित गरिनेछ ।

३. वृक्षारोपण, जलाधार संरक्षण, विपद जोखिम नक्साङ्कन गर्ने नीति लिइनेछ ।

४. विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद् व्यवस्थापन समितिहरुलाइ क्रियासिल बनाई तत्काल सहयोग गर्ने गरि मानवीय स्रोत र विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपदमा परेका नागरिकलाई सहयोग उपलब्ध गराईने छ।

५. जलवायु अनुकुलन योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६. आपतकालीन केन्द्र स्थापना गरि स्वयंसेवकहरु तयार गरि परिचालन तथा संचालनमा ल्याइनेछ ।

७. जोखिमपुर्ण वस्तीहरुको स्थानान्तरण गर्न व्यवस्थित बस्ती विकाश कार्यक्रम संचालन गरिनेछ ।

८. “एक गाउँ एक नर्सरी ” "एक घर दश फलफुल" बिरुवा कार्यक्रम लागु गरिनेछ ।

९. जोखिमयुक्त सानो भेरी नदी तथा स्थानीय खोलाहरुमा तटबन्धन एवम्  भु संरक्षण गर्ने  नीति लिइनेछ ।

**<u>संस्थागत विकास,सुशासन र सेवा प्रवाहः</u>**

१. गाउँपालिकामा रहेका सवै वडा कार्यालयहरुको आफ्नै प्रशासनिक भवन निर्माण गरिनेछ ।

२. संगठन संरचना तथा दरवन्दी विवरण अनुसार कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

३. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्नको लागि आवश्यकता अनुसार क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।

४. गुनासो पेटिकाको व्यवहारिक प्रयोग गरिनेछ ।

५. हरेक महिना कर्मचारी बैठक, शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार सम्झौता र सोको आधारमा दण्ड तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

६. गाउँपालिकाका  सवै सूचनाहरु गाउँपालिकाको वेव साइट तथा सुचना पाटि मार्फत प्रकाशन  गरिनेछ ।

७. एकिकृत सेवा प्रवाह अवधारणा कार्यान्वयन, आयोजनाहरुको प्रभावकारी अनुगमन तथा मुल्याङकन, गुणस्तर, परिमाण, समय र लागतको सुनिश्चिता, उपभोक्ता समितिहरुको सुदृढिकरण र क्षमता विकास, एकल अधिकार तथा साझा अधिकार कार्यान्वयनको लागि आवश्यक कानुनको निर्माण गरिनेछ ।

८. जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुले मदिराजन्य पदार्थ सेवन गरी सार्वजनिक स्थलमा मर्यादा विपरीतका कार्य गरेमा अनुशासनको कारबाही गरिनेछ ।

९. कार्य सम्पादनमा उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन गरी कार्यालयको सेवा प्रवाह संचालन गर्ने  नीति लिइनेछ ।

१०. पहिलेको बेरुजु रकम फच्यौंट र नयाँ बेरुजु शुन्य गर्न पहल  गरिनेछ ।

११. जनताको सरकार जनताको घरआँगनमा भन्ने अभिप्रायलाइ पुरा गर्न घुम्ती सेवा तथा घरदैलो सेवालाइ प्रभावकारी एवम् व्यवस्थित गरिनेछ ।

**बहुक्षेत्रीय पोषण**

बहुक्षेत्रीय पोषण योजना  अन्तर्गत सन्चालन गर्नुपर्ने थप नीति तथा क्रियाकलापहरु देहायबमोजिम गरिने छ ।

१ गर्भवति, सुत्केरी र बालबालिकालाई  पालिलका।अध्यक्ष। उपाध्यक्षको कोसेली कार्यक्रम : पोषण झोला बितरण ।
२ एक घर, एक नमुना करेसाबारी ।
३ गर्भवति सम्मान, भेला र घुम्ती भिडियो एक्सरे सेवा ।
४ सबै गर्भवतिहरुको घर घरमा झण्डा र हात हातमा अण्डा ।
५ गर्भवति र सुत्केरीहरुलाई पोसिलो पिठो बितरण ।
६ सुनौलाहरु दिनका आमाहरुसंग आयआर्जन कार्यक्रम ।
७ एक वडा, एक पोषण मैत्री नमुना गाउ कार्यक्रम ।
८ पोषण मैत्री गाउ, टोल र पोषण मैत्री वडा घोषणा कार्यक्रम ।
९ पोषण सहजकर्ता परिचालन ।
१०एक वडा, एक पोषण दुतका लागि किशोरी कार्यक्रम ।
११कुपोषण पहिचानका लागि समुदाय स्तरमा पोषण लेखाजोखा ।
१२सबै स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रर्दशनी कक्ष निमार्ण ।
१३एक गर्भवति, एक फलफूलको बिरुवा बितरण कार्यक्रम ।
१४एक घर, एक जुठेल्नो निमार्ण कार्यक्रम ।
१५सासुबुहारी र श्रीमान श्रीमति अन्तरक्रिया कार्यक्रम ।
१६पशुजन्य श्रोत उपभोगका लागि सुनौलो हजार दिनका घरपरिवारलाई अण्डा, कुखुराका चल्ला, घिउ बितरण ।

अन्त्यमा बाँफिकोट गाउँपालिकाको छैठौं गाउँसभामा पाल्नुहुने अतिथि महानुभाव, गाउँसभा सदस्य ज्यूहरु सम्पूर्ण कर्मचारी लगायत सवै सहभागीहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।उपस्थित सवैको रचनात्मक सहयोग सल्लाह तथा सुझावलाइ सदैव हृदयङ्गम गर्ने  विश्वास दिलाउन चाहन्छु ।